# साफको फाइनलमा आज नेपाल र बंगलादेश भिड्दै

## उपाधि जित्ने अवसरलाई खेर फाल्दैनौं : कप्तान एन्जिला



काठमाडौं (जस)- साफ महिला च्याम्पियनसिपको फाइनलमा बुधबार नेपाल र बंगलादेश भिड्दै छन् । फाइनल खेल त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा साँझ ६:३० बजेदेखि सुरु हुदैछ । फाइनलका लागि दुवै देश तयार रहेको नेपाल र बंगलादेशका कप्तान तथा प्रशिक्षकले बताएका छन् । मंगलबार रंगशालामा आयोजित प्री-म्याच प्रेस कन्फ्रेन्समा नेपालका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले बंगलादेशलाई पराजित गर्दै उपाधि जित्ने लक्ष्यका साथ नेपाली टोली मैदानमा उत्रिने बताए । उनले यसअघि भएका खेलमा देखिएका गल्तीलाई सुधार गरेर फाइनल खेल्ने बताए ।

नेपाली राष्ट्रिय महिला फुटबल टिमकी कप्तान एन्जिला तुम्बापो सुब्बाले उपाधि जित्ने गरि खेल्ने बताइन् । कप्तान एन्जिलाले नेपालको लागि उपाधि जित्ने अवसर भएकाले यो अवसर खेर नफाल्ने बताइन । उनले नेपाली टिम अहिले एकजुट भएर खेलिरहेकोले फाइनलको नतिजा आफ्नो पक्षमा हुनेमा विश्वस्त रहेको बताइन । त्यस्तै बंगलादेशका प्रशिक्षक र कप्तानले पनि राम्रो खेलेर नतिजा आफ्नो पक्षमा पार्ने दाबि गरेका थिए । यसअघि सम्पन्न सेमिफाइनलमा नेपालले भारतलाई र बंगलादेशले भुटानलाई पराजित गरेर फाइनलमा पुगेका हुन् । अघिल्लो पटक २०२२ मा काठमाडौंमै भएको साफमा बंगलादेशले फाइनलमा नेपाललाई १-० ले पराजित गर्दै उपाधि जितेको थियो । साफ महिला च्याम्पियनसिप अन्तर्गत आज नेपाल र बंगलादेशबीचको फाइनल खेलको टिकट अखिल नेपाल फुटबल संघ (एन्फा) आफैले बुधबारबाट बिक्री गर्ने भएको छ । मंगलबार एन्फाले माउन्ट एभरेस्ट स्पोर्टस एन्ड इभेन्ट्स प्रालिसँगको सम्झौता रद्द गर्दै फाइनल खेलको टिकट आफैले बिक्री गर्ने जनाएको हो । यसअघि माउन्ट एभरेस्टले टिकट बिक्री गर्दै आएको थियो ।

साफ महिला च्याम्पियनसिपका लागि माउन्ट एभरेस्टले टेन्डरमार्फत ८० लाख रुपैयाँमा टिकट बिक्रीको अधिकार पाएको थियो । एन्फाले नेपाल र बंगलादेशबीचको फाइनल खेलका लागि तीन ठाउँबाट टिकट बिक्री गरिने जनाएको छ । एन्फाका अनुसार भोलि (बुधबार) बिहान ८ बजेदेखि जावलाखेलस्थित खेल मैदान, सातदोबाटोस्थित एन्फा मुख्यालय र भद्रकालीस्थित आर्मी अफिसियल केन्द्रबाट फाइनलको टिकट बिक्री हुनेछ ।

यसअघि अनलाइनमार्फत टिकट लिइसकेकाहरूको पैसा फिर्ता गरिने एन्फाले जनाएको छ । साधारण प्यारापिटतर्फ १० हजार टिकट मात्रै बिक्री गरिने पनि एन्फाले जनाएको छ । एक जनाले भीआईपीतर्फ दुईवटा र साधारण प्यारापिटतर्फ पाँचवटा मात्रै टिकट लिन पाउने छन् ।

नेपाल र भारतबीचको सेमिफाइनल खेलमा दशरथ रंगशालाको क्षमताभन्दा बढी टिकट बिक्री गरेको पाइएपछि एन्फाले माउन्ट एभरेस्टसँगको सम्झौता रद्द गर्दै आफैले टिकट बिक्री गर्ने भएको हो । उक्त खेलमा १५ हजार दर्शक क्षमता रहेको रंगशालामा १८ हजारभन्दा बढी दर्शकलाई प्रवेश दिइएको थियो । साफ महिला च्याम्पियनसिपको फाइनल खेल बेलुका साढे ६ बजे त्रिपुरेश्वरको दशरथ रङ्गशालामा शुरू हुनेछ ।

**रंगशालामा यी सामान लैजान नपाउने**

साफ महिला च्याम्पियनसिप २०२४ को बुधबार हुने फाइनल हेर्न खेल मैदान पुग्नेहरूका लागि निम्न सामग्रीहरू साथमा लैजान निषेध गरिएको अखिल नेपाल फुटबल संघ (एन्फाले) एक विज्ञप्ति जारी गर्दै सूचित गराएको छ । विज्ञप्तिअनुसार यी सामग्रीहरू लैजान पाइने छैन । जसमा - हातहतियार - बन्दुक, छुरा र अन्य कुनै पनि प्रकारका धारिला, हातहतियार । - धुमपान र आगो बाल्ने सामग्री- चुरोट, लाइटर, सलाई आदि । - मदिरा र अन्य नशालु पदार्थहरू । - झोला र ठूला ब्यागहरू- साना ब्यागहरू जाँचपछि मात्र अनुमति दिइनेछ तर ठूला ब्यागहरू निषेध गरिएका छन् । - हेल्मेट र सुरक्षात्मक उपकरणहरू- हेल्मेट र यस्तै सुरक्षा सामग्रीहरू । - प्रचार सामग्री- अनुमति विना ब्यानर, झण्डा, पोस्टर आदिमा निषेध ।- प्रक्षेपण गर्न मिल्ने वस्तुहरू- पानीको बोतल, क्यान, पत्थर, र अन्य फ्याँक्न मिल्ने, धातुका मुद्रा क्याइन, सामग्रीहरू । - लेजर लाइट- खेलाडी तथा रेफ्रीलाई लक्षित गर्ने लेजर लाइट । - ड्रग्स र अन्य अवैध पदार्थ- कुनै पनि प्रकारका लागु औषधहरू । - छाता- लिपिस्टिक, नेल कटर, कैंची, काइयो जस्ता बस्तु रहेका छन् ।

**युएईमा रोजगारीको अवसर** | कम्पनी: EJADAH ASSET MANAGEMENT GROUP LLC शहर : Dubai

पूर्व स्वीकृति मिति: २०८१-०२-१७ च.नं: ६०२२०३४१ L.T. No : 305589

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 400 | 150 | स. काममा दक्ष | 800 | २९,२४७/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2 | Life Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ४३,८६७/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 3 | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1200 | ४३,८६७/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौं र पोखरामा २०८१ कार्तिक २१ गते (6 November 2024) र. झापा, इटहरी र बुटवलमा २०८१ कार्तिक २२ गते (7 November 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगार बिमा हुने / नहुने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कम्पनीले | दिने | कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | रु.१०,०००/- |

प्याराडाईज इन्टरनेशनल प्रा. लि.
बखुन्डोल, ललितपुर, (कुपोण्डोल सर्वाङ्ग हस्पिटलबाट भित्र, नर्वे एम्बेसीसँगै)
Lic No.: 187/057/058
सम्पर्क: 01-5434054, 5433455

**युएईमा रोजगारीको अवसर** | कम्पनी: CLEANCO TRADING, IMPORTING & SERVICES LLC - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति: २०८१-०७-१३ च.नं: ६०२२७२९५ L.T. No : 312919

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 80 | 0 | स. काममा दक्ष | 900 | ३२,८९१/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2 | House Keeping | 0 | 120 | स. काममा दक्ष | 1200 | ४३,८६७/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २१ गते (6 November 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगार बिमा हुने / नहुने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कम्पनीले | दिने | कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | रु.१०,०००/- |

प्याराडाईज इन्टरनेशनल प्रा. लि.
बखुन्डोल, ललितपुर, (कुपोण्डोल सर्वाङ्ग हस्पिटलबाट भित्र, नर्वे एम्बेसीसँगै)
Lic No.: 187/057/058
सम्पर्क: 01-5434054, 5433455

# अनमोल स्टार फिल्म 'जेरी अन टप' को छायांकन सुरु



काठमाडौं । अनमोल केसी र जसिता गुरुङ स्टारर फिल्म 'जेरी अन टप'को छायांकन सुरु गरिएको छ । सोमवार बिहान पाटनस्थित बगलामुखी मन्दिरमा फिल्मको शुभ मुहूर्त गरेसँगै फिल्मको छायांकन शुरु भएको हो । मुहुर्तमा फिल्मका मुख्य कलाकारहरु केदार घिमिरे (माग्ने बुढा), विपना थापा, अनमोल केसी, आँचल शर्मा, जसिता गरुङ लगायतको उपस्थिति थियो । मुहूर्तसँगै फिल्मको छायांकनका लागि निर्माण टिम धुलिखेल तर्फ लागेको छ । धुलिखेलमा फिल्मको तीन दिनसम्म छायांकन हुने निर्माण पक्षले जानकारी दिएको छ ।

त्यसपछि काठमाडौं, लुक्ला र भारतको लद्दाखमा छायांकन हुने बताइएको छ । फिल्मको छायांकन करिब ६० दिनमा सकिने भएको छ । सुयोग गुरुङको निर्देशनमा बन्न लागेको फिल्ममा भुवन केसी, सुरक्षा पन्त, निर्मल शर्मा, संगीता मगर, सुष्मा निरौला लगायतको पनि अभिनय रहनेछ । यसमा भुवन र विपनाले अनमोलको बुवा-आमाको भूमिका निर्वाह गर्नेछन् ।

१८ वर्षपछि उनीहरुले एकसाथ काम गर्न लागेका हुन् । अनन्या फिल्म्स र भण्डारी मल्टिट्रेडको ब्यानरमा निर्माण हुने फिल्म आगामी फागुन २ गतेदेखि प्रदर्शनमा ल्याउने तयारी निर्माण पक्षको छ । फिल्मको कथा हेमराज बिसीको हो भने विश्व तिमिल्सेनाको पटकथा छ । उज्जवल जोशीको छायांकन रहने फिल्ममा सुरेन्द्र पौडेलको सम्पादन रहनेछ ।

## वेभ सिरिज 'मिर्जापुर' अब फिल्म बन्ने

काठमाडौं (एजेन्सी)-चर्चित भारतीय वेभ सिरिज मिर्जापुरको अब फिल्म बन्ने भएको छ । एक्सेल मुभिजले मिर्जापुरको फिल्म बनाउने घोषणा गर्दै टिजर सार्वजनिक गरेको छ । फिल्ममा तेस्रो भागबाट हटाइएका मुन्ना भैया उर्फ दिव्यन्दु शर्माको पनि पुनरागमन पक्का भएको छ । रिलिज भएको टिजर अनुसार मिर्जापुर फिल्ममा सिरिजको महत्वपूर्ण पात्र मुन्ना भैयाको पुनरागमन पनि देखिनेछ, जसको भूमिका दिव्यन्तले निभाएको थियो ।

शुफ्लाको दोस्रो सिजनमा उनको चरित्रलाई मारिएको थियो र तेस्रो सिजनमा उनी नहुँदा सिरिजलाई नै असर गरेको थियो । निर्माताले फ्यानहरुको उच्च मागसँगै मुन्ना भाईको विशेष भाग नै रिलिज गर्नुपरेको थियो । पहिलो सिजनमा मारिएका कम्पाउण्डरको भूमिका निभाएका अभिषेक बनर्जी पनि फिल्ममा कमब्याक गर्ने भएका छन् । घोषणा अनुसार चलचित्र मिर्जापुर सन् २०२६ मा ठूलो पर्दामा रिलिज हुनेछ ।

**Khotehang Rural Municipality**
**Office of Rural Municipal Executive**
**Khotang**
**Koshi Province, Nepal**

**Invitation For Bids**

**Date Of Publication:-2081/07/14 (30th Oct,2024)**

Khotehang Rural Municipality, Khotang invites single stage single Envelope Electronics Bids from eligible bidders for the construction of works mentioned in the table below under national competitive bidding procedures.

Bidders should deposit the fee of bidding documents in the office account as specified below :-

Name of Bank:- Rastriya Banijya Bank, Khotang Bazar
Name of Office:-Khotehang Rural Municipality, Khotang
Office Account No:-2380100301010001(Antarik Rajaswa khata)
Rajasaw shirshak no:-14229
Dharauti Khata No:- 2380100303010001

| S. N. | Contract No | Name of works | Bid validity period | Estimate Amount NRS with VAT and PS | Bid security NRS | Bid Document Fee NRS |
|---|---|---|---|---|---|---|
| 1 | KRM/Works/ NCB-05/2081-082 | Rasuwapandhare Sadak Sanrachana Nirman Second | 90 days | 74,39,381.47 | 2,00,000.00 | 3,000.00 |

| S.N. | Last Date and time for Bid Submission | Date and Time For Bid Opening |
|---|---|---|
| 1 | 2081-08-14 (2024-Nov-29) Time within 12:00 hr | 2081-08-14 (2024-Nov-29) Time After 13:00 hr |

Eligible Bidders may visit PPMO website www.bolptra.gov.npppmo e-procurement section for further information or contract Khotehang Rural Municipality at email: khotehangmun@gmail.com

Chief Administrative Officer

**नीलकण्ठ माध्यमिक विद्यालय**
**उत्तरगया गा. पा. ५, बोगटीटार, रसुवा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति: २०८१/७/१४**

यस विद्यालयले छात्रावास भवनको फिनिसिङ लगायतका निर्माण कार्यको लागि मिति २०८१/६/६ मा विद्युतीय बोलपत्र तथा जनसवाल राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी बोलपत्र आह्वान गरेकोमा रितपूर्वक पेश भएका विद्युतीय बोलपत्रबाट तपशिलको बोलपत्र न्यूनतम मूल्यांकित एवं सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र ४७ प्रयोजन तथा सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

सि न : 1
ठेक्का नम्बर : SNSS/NCB/W/ 01/2081-082
योजनाको नाम : Shree Neelakantha Namuna Bidhyalaya Bhautik Nirman 2081/82
बोलपत्रदाताको नाम र ठेगाना : Ghale Nirman Sewa, Yarsha-6, Rasuwa
बोलकबोल अंक भ्याट सहित : 5798171.53 NPR

**Bhimsenthapa Rural Municipality**
**Office of Rural Municipality Executive**
**Khanchok, Gorkha**

**Notice of Invitation for Sealed Quotation**

Second date of publication: 30th October, 2024 (2081/07/14)

1. Bhimsenthapa Rural Municipality, Office of the Rural Municipal Executive invites sealed quotation from registered suppliers for the following work as listed below.

| Contract ID | Name of Project | Price of Bid Document | Bid Security Amount | Estimated Amount Exclusive VAT & PS | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| BTRM/SQ/ GOODS-5-2081/82 | Procurement & Supply of Motorcycle | NRs. 1,000.00 | NRs. 40,000.00 | NRs. 13,53,539.82 | 14th Nov 2024 (2081/07/29) 12.00 hours | 14th Nov 2024 (2081/07/29) 13.00 hours |

2. Sealed bid must be electronically submitted to Bhimsenthapa Rural Municipality, Office of the Rural Municipal Executive through e-GP system. Eligible Bidders may obtain further information from the office of Bhimsenthapa Rural Municipality, Office of the Rural Municipal Executive during office hours or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

Chief Administrative officer